**कर्णमाया राई र हाम्रो संस्कार**
**जीवराम भण्डारी**

ओखलढुङ्गा जिल्ला वर्णालु गाविस वडा नं. १ बस्ने मानसिक सन्तुलन ठीक नभएकी कर्णमाया राईले गर्भधारण गरेको कारण यहाँ निकै चर्चाको विषय बनेको छ । अरूको पीडामा हाँस्ने र आफ्नो पीडामा रुने सामाजिक परम्परा झैं बनाइसकेका यहाँका स्थानीयवासीहरूका लागि यो खबर एकखाले हाँसोको विषय पनि बनेको छ ।

अविवाहित त्यसमा पनि मानसिक सन्तुलन गुमेकी आफ्नी लगभग ४० वर्षीया छोरी कर्णमाया राईले गर्भधारण गरेपछि पिता भिरकुना कान्छाको नामले चिनिने भिरकुना राई काठमाडौंतिर छोरीसमेत लिएर हान्निएका छन् । उनले सो क्षेत्र छोड्नुको कारणबारे गाउँमा कुरा काट्नेहरूको पीडा खप्न नसकेर हो भन्ने कुराका आफन्तहरू जिकिर गर्छन् । शुरुका समयमा कसको गर्भ बोकेको भनी छोरीलाई निकै केरकार गरेको तर उनको मानसिक अवस्थाका कारण प्रष्ट नखुलेबाट मुलुकी ऐन जबर्जस्ती करणीको महलअन्तर्गत हाडनाता करणीबाट गर्भधारण भए वा अपरिचित व्यक्तिबाट मानसिक सन्तुलन गुमेकी महिलालाई गर्भधारण गराइदिएमा सोको पतन गराउन पाउने वैधानिक सुविधाको उपभोग गर्न अब यो पीडित पक्षले पाउने छ । सामान्य गुजारा गर्नसमेत धौ(धौ पर्ने भिरकुना कान्छाको परिवारको थाप्लोमा आइपरेको यो खपिनसक्नुको पीडाउपर राहत दिने अब कसले ? के जसरी समाजका एकखाले वर्गको लागि हाँसठट्टाको विषय बनेको समाज र कानुनको दायित्व पनि त्यही थियो ? यदि दायित्व पृथक छ भने जसरी कर्णमाया राईले गर्भधारणा गरेको चर्चा बन्न सक्यो उनलाई राहत दिएको पनि चर्चा बन्नुपर्थ्यो तर त्यो बन्न सकेन । यस्ता पीडादायी पक्षउपर सरकारको राहतमूलक प्रष्ट नीतिको अभाव अझै पनि खड्किएको छ । समाजका अगुवा वर्गले के ख्याल गर्नु जरुरी छ भने यस्ता कर्णमाया राई झैं पीडित अरू कति होलान् र यथास्थिति कायम राख्दा अरू कति थपिएलान्, त्यतापट्टि समयमै सोच्नुपर्छ ।

ओखलढुङ्गा वर्णालु गाविस बस्ने भिरकुनाकी कान्छी छोरी कर्णमायाको समाचार साँच्चै पीडादायी छ । तर राजधानीको विकसित रूपले हाम्रो सामाजिक परम्परा सुसंस्कारलाई चुनौती दिन थालेको छ । राजधानीमा बग्रेल्ती देखापरेका नर्सिङहोम तथा क्लिनिकहरूमा अवैध गर्भपतन गराएवापत नर्सिङहोम तथा क्लिनिकहरूको आम्दानी वृद्धिमा सहायक बनेको समाचार पत्रपत्रिकामा पढ्न पाइन्छ । तर यो पंक्तिकारको राजधानीस्थित विनायक नर्सिङहोममा मंसिरको दोस्रो सातातिर यस्ती अविवाहित महिलासँग जम्काभेट भयो जो गर्भधारण हुनबाट बच्ने परिवार नियोजनको अस्थायी साधन सुई लगाउन आएकी रहिछन् । काठमाडौं बौद्धस्थित आफ्नो दिदी(भिनाजुसँग होटल सञ्चालन गरी बस्ने यी महिलाले आफ्नो थर र नामसमेत परिवर्तन गरी अनु थापाको नाममा परिवार नियोजनको साधन प्रयोग गरिन् । यथार्थमा अनुहारले नै बुझिन सक्ने शेर्पा थरकी यी महिलाको भेद त्यसबेला मात्र खुल्यो जब उनी घर फर्किन् र उनलाई चिन्ने सोही नर्सिङहोमकी एक सुसारे महिलाले बताइन् कि यिनी अविवाहित शेर्पा हुन् र यिनलाई साथमा लिएर आउनेचाहिं प्रहरी कर्मचारी हुन् जो विगतदेखि प्रहरी सेवामा 'डान्स' सिकाउने स्थायी जागिर खाएर बसेका छन् । यी प्रहरी डान्स मास्टरको शेर्पा महिलासँग पहिलेदेखि नै हिमचिम छ । यही कारण फगत यौन आनन्दका खातिर दुबै जोडी नाम थर परिवर्तन गरी परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्छन् । विगतको संसद्मा एउटा विधेयकउपर निकै चर्चा र बहस भएको थियो । आजको वर्तमान अवस्थामा हिन्दू अधिराज्य नेपालमा गर्भपतन ऐन जरुरी छ कि छैन ? यस विषयउपर सांसद, बुद्धिजीवी, महिला तथा बुजुर्कहरूमा प्रष्ट विभाजन देखापरेको थियो । गर्भपतन ऐन आवश्यक छ भन्नेहरूको जिकिर थियो पेटमा रहेको बच्चा जन्माउने कि फाल्ने भने अधिकार आमाको नितान्त व्यक्तिगत विषय हो यसको स्वतन्त्रता आमाले पाउनैपर्छ । यो स्वतन्त्र अधिकारबाट आमालाई वञ्चित गर्नु पुरुषप्रधान समाजको विगतको हेपाहा संस्कारलाई निरन्तरता दिनु हो । अर्कोचाहिं गर्भपतन ऐन आवश्यक छैन भन्नेहरूको जिकिर थियो यदि गर्भपतन वैधानिक ढंगले गर्न दिने हो भने सामाजिक संरचना नै खलबलिन्छ र हाम्रो हिन्दू संस्कारमा यसले अनिष्ट ल्याउँछ । भोलि गर्भपतन नगरेको प्रमाणपत्र छोरीचेलीको बनाएर बाबुआमाले राख्नुपर्छ । यसरी जिकिर गर्नेहरूमध्ये राष्ट्रियसभाका वर्तमान उपाध्यक्ष चिरञ्जीवीप्रसाल रिजाल पनि हुनुहुन्थ्यो । यद्यपि यो विवाद थाती छ गर्भपतन ऐन आवश्यक छ कि छैन ? यसबारेमा समाज विभाजित छ वर्ग विभाजित छ । कर्णमाया राईको एकखाले परेसानी छ बौद्धकी माथि उल्लेखित शेर्पाको अर्कै समस्या छ ।

यी अनेक समस्यालाई ख्याल गरेर केही शर्तहरूमा गर्भपतन गर्न कानुनी मान्यता दिनुपर्ने देखिन्छ । यद्यपि कानुनी मान्यता पाए पनि गर्भपतनको पीडा खप्ने त स्वास्नीमान्छे नै हुन्, खस्किंदो स्वास्थ्यस्थिति झन बिग्रिने पनि महिलाकै हो । लोग्नेमान्छेहरू सचेत भइदिएर परिवार नियोजनको साधन अपनाइदिए धेरै स्वास्नीमान्छेहरूले गर्भपतनको पीडा खप्नुपर्ने थिएन । र, यौनजन्य हिंसामा सामेल हुनेहरूको निम्ति कडा कानुन भइदिएको भए कर्णमायाहरू जस्ताले न्यायको भीख माग्न गाउँ छोड्नुपर्ने थिएन ।

पुरेत्याइँ गर्न कर्मकाण्ड पढ्ने छोरीहरू
रेवती सापकोटा

तागाधारीबाहेक अरूले कर्मकाण्ड गर्ने शिक्षा पढ्न हुँदैन भन्ने ज्योतिषहरूका अगाडि सिपातीनघरेका मनिता न्यौपाने र कमला कोइराला जनै नलगाईकन कर्मकाण्ड गर्ने शिक्षा पढिरहेका छन् । पढेपछि पुरेत्याइँ गर्दै हिंड्ने हिम्मतसमेत उनीहरूले निकालिसकेका छन् । सिपातीनघरे संस्कृत माध्यामिक विद्यालयको नौ कक्षामा अध्ययनरत यी छात्राले एसएलसी पास गरेपछि क्याम्पसमा पनि पाएसम्म संस्कृत भाषामै कर्मकाण्ड विषय लिएर पढ्ने निधो गरेका छन् । उनीहरू भन्छन्( "हामी त क्याम्पसमा पनि कर्मकाण्ड गर्ने शिक्षा नै पढ्छौं ।"

सिन्धुपाल्चोक जिल्लाको वाडेगाउँ गाउँ विकास समितिस्थित संस्कृति मावि कर्मकाण्ड विषय पढ्ने २३ जना ब्राम्हण जातिका विद्यार्थीमध्ये छात्रामा मनिता र कमला मात्रै हुन् । सो विद्यालयमा नौ कक्षादेखि ७५ पूर्णाङ्कको सैद्धान्तिक र २५ पूर्णाङ्कको व्यावहारिक ज्ञान हासिल गर्ने कर्मकाण्ड विषय पढाइन्छ । साथमा संस्कृत भाषा र व्याकरण गरी थप दुई सय पूर्णाङ्कको संस्कृत पनि त्यहाँका विद्यार्थीले अनिवार्य रूपमा पढ्नुपर्छ । कर्मकाण्ड गर्दा दियो, कलश, गणेश पुज्ने, फूलपाती अक्षता चढाउने र संकल्पजस्ता कुरा व्यावहारिक ज्ञानअन्तर्गत पढ्नुपर्छ । कर्मकाण्डमा श्राद्ध, विवाह, ब्रतबन्ध र संस्कार गर्दा गरिने विधिका साथै सैद्धान्तिक कुरा पनि त्यस विद्यालयमा कमला र मनिताले पढिरहेका छन् । उनीहरूलाई न शिक्षकहरूले सो विषय नपढ्न दबाब दिएका छन् न अभिभावकहरूले नै । शिक्षक र अभिभावकको सहयोगमा नै उनीहरूले सो विषय पढिरहेका छन् ।

नेपाली समाजमा रहेको चार वर्ण छत्तीस जातमध्ये ब्राम्हण जातिका पुरुषले मात्रै कर्मकाण्ड गर्ने गरेको परम्परा छ । महिलाहरूले ब्रतबन्ध गरेर जनै लगाउने गरेको परम्परा छैन । ज्योतिष मंगलराज जोशी ब्रतबन्ध नगरेकोलाई कर्मकाण्ड पढाउने व्यवस्था छैन भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ( “जनै नलगाएकोलाई कर्मकाण्ड गर्ने अधिकार छैन” उहाँको भनाइलाई महिला सांसद अष्टलक्ष्मी शाक्य ‘सामन्ती सोच र चिन्तन’ को संज्ञा दिनुहुन्छ । उहाँ भन्नुहुन्छ( “कर्मकाण्ड पढ्न त के छोरीले काजक्रियासमेत गर्न हुन्छ ।”

मनिता र कमला पनि ज्योतिष जोशीका भनाइलाई मान्न तयार छैनन् । उनीहरू भन्छन्( “हामी कर्मकाण्ड पनि गर्छौं ।” आफूले पढेको कुरालाई व्यावहारिक रूपमा रूपान्तरण गर्नुपर्छ भन्ने कुरा उनीहरूलाई जानकारी भइसकेको छ । व्यावहारिक रूपमा काम नगरे किन पढ्ने ? ती छात्रा उल्टै प्रतिपश्न गर्छन् । कर्मकाण्ड गर्न व्यवहारमै उत्रिन उनीहरूलाई त्यति सजिलो भने छैन । महिलाहरूले आफ्ना अधिकार प्राप्तिको लागि चुनौतीपूर्ण काम गर्नुपर्छ भन्ने सांसद शाक्य भन्नुहुन्छ( समाजको भनाइका पछाडि लागेर होइन गलत कुराहरूसँग जुझ्दै अगाडि बढ्नुपर्छ ।

छोरीले संस्कृत र कर्मकाण्ड गर्ने शिक्षा पढ्यो भने बोक्सी भइन्छ भन्ने समाजको अगाडि त्यही शिक्षा पढ्नु ती छात्राको लागि पनि चानचुने कुरा पटक्कै होइन । तैपनि उनीहरू आफ्नो दृढता यसरी प्रकट गर्छन्( संस्कृत र कर्मकाण्ड पढ्यो भने बोक्सी भइन्छ भन्ने अन्धविश्वासलाई चिर्न पनि हामी त्यही विषय पढ्दैछौं । नयाँ परम्परालाई फस्टाउने वातावरण बनाउन ती छात्राको उत्साहलाई थप जागरुक बनाउँदै सांसद शाक्य भन्नुहुन्छ( सामन्ती संस्कृतिलाई पर्दाफास गर्नैपर्छ ।

मनिता र कमलाले कर्मकाण्ड पढेकै विद्यालयमा पाँच वर्षअघि सोही विषयका गुरु विष्णुप्रसाद ढुंगानाले भनेको कुरा सो विद्यालयका प्रधानाध्यापक (प्रअ) रामप्रसाद न्यौपानेले बिर्सनुभएको छैन । उहाँ सम्झनुहुन्छ( विष्णु गुरु आइमाईले ऊ (ॐ) भन्नुहुन्न भन्नुहुन्थ्यो । विष्णु गुरुले भनेको कुरा चित्त नबुझेर आफ्नी छोरी मेनकालाई कर्मकाण्ड विषय पढाएको बताउनुहुन्छ प्रम रामप्रसाद न्यौपाने । छोरी मानेकीले ०५२ सालमा कर्मकाण्ड विषयमै एसएलसी पास गरेकोमा प्रअ न्यौपानेलाई पश्चाताप छैन बरु गर्व छ । आफ्नो विद्यालयमा कर्मकाण्ड पढ्न चाहने छात्रालाई नरोक्ने बताउनुहुन्छ प्रअ न्यौपाने । उहाँ भन्नुहुन्छ( इच्छा हुनेले पढ्दा हुन्छ ।

त्यसो त आफ्नी छोरीले कर्मकाण्ड गर्ने शिक्षा पढेकोमा मनिताका पिता माधव न्यौपानेलाई अहिले पनि गर्व नै लागेको छ । पढ्ने र सिक्ने कुरामा छोराले हुने छोरीले नहुने भन्ने कुरालाई उहाँ विश्वास गर्नुहुन्न । उहाँ भन्नुहुन्छ( आफ्नै घरमा कर्मकाण्ड गरिंदा पनि पढेको मान्छे हुँदा ब्राम्हणलाई सजिलो पर्छ । घरभित्रकै लागि समेत कर्मकाण्ड पढ्दा नबिग्रने बताउने न्यौपाने इन्छा भए कर्मकाण्ड गर्न बाहिर जाँदा पनि हुन्छ भन्नुहुन्छ ।

सो संस्कृत माविमा कर्मकाण्ड विषय पढाउने शिक्षक ऋषिराम आचार्य पनि छोरीलाई कर्मकाण्ड पढ्ने अधिकार छैन भन्ने कुरा मान्नुहुन्न । पढ्न किन नहुनु ? उहाँ उल्टै प्रतिप्रश्न गर्नुहुन्छ । छोरीले संस्कृत र कर्मकाण्ड पढ्दा उनीहरू चलाख हुने धारणा राख्नुहुन्छ सोही गाउँ (बाडेगाउँ) का ७८ वर्षीय कमलानाथ आचार्य । उहाँ भन्नुहुन्छ( छोरीले पनि संस्कारका विधि जान्नुपर्छ । २० वर्षअघि हलो जोतेवापत अपहेलित हुन पुग्नुभएका जिल्ला विकास समिति सिन्धुपाल्चोकका सदस्य जगन्नाथ आचार्य पुरातन संस्कारलाई परिवर्तन गरी नयाँ संस्कारको विकास गर्दै जानुपर्छ भन्नुहुन्छ । कर्मकाण्ड गर्ने ब्राह्मणले हलो जोत्न हुँदैन भन्ने मान्यता रहिआएको छ । मनिता र कमलाले कर्मकाण्ड गर्ने शिक्षा पढ्नु पनि सामाजिक परिवर्तनको एउटा स्वरूप मान्नुहुन्छ जिविस सदस्य जगन्नाथ आचार्य । उहाँ भन्नुहुन्छ( पुरातन संस्कारलाई परिवर्तन गर्न महिलाहरू अगाडि बढ्नैपर्छ ।

छोरीले कर्मकाण्ड गर्न थालेपछि सामाजिक संस्कारमा असर पर्दैन बरु विकास हुन्छ भन्छन् मनिता र कमला । समाजशास्त्री डा. ऋषिकेशवराज रेग्मी ती छात्राको उत्साहलाई कदर गर्दै भन्नुहुन्छ( उत्साह गरेको राम्रो हो । सामाजिक चालचलनमा छोरीहरू कर्मकाण्ड गर्दै हिंडेको नभेटिए पनि समाजले मान्यो भने छोरीले कर्मकाण्ड गर्न हुन्छ । ती छात्राले कर्मकाण्ड पढ्न शुरु गर्नुलाई उहाँ पनि सामाजिक आन्दोलनको एउटा स्वरूप मान्नुहुन्छ ।

सामाजिक आन्दोलनमा उत्रिएका मनिता र कमलाले साथी(संगीहरूको पनि सहयोग पाएका छन् । उनीहरूकै कक्षामा कर्मकाण्डको सट्टा शिक्षा विषय लिएर पढिरहेकी देवकी न्यौपानेलाई पनि अहिले कर्मकाण्ड गर्ने शिक्षा पढ्ने इच्छा बढेको छ । केटीहरूले पनि कर्मकाण्ड पढ्नु हुँदोरहेछ भन्ने कुरा बुझें( देवकीले आफ्ना साथीहरूको पढाइबाट प्रभावित हुँदै बताइन् ।

मनिता र कमलाको उत्साह र जाँगरलाई अन्य छात्राहरूले पनि बढाउँदै लगे महिला अधिकारको निम्ति ठूलो सामाजिक आन्दोलन उठ्न सक्छ । एउटा परिवारमा पुरुष शिक्षित हुनुभन्दा महिला शिक्षित हुनुको फाइदा समाजले पनि राम्रो पाउँछ ।

कमैया बस्न छाडी तरकारी खेती
गंगा बी.सी.

दाङ रामपुर गाउँ विकास समिति वडा नं. ६ सुर्केडाँगीका थारू महिलाहरू कमैया बस्न छाडेको धेरै वर्ष भयो । त्यसो त त्यहाँका पुरुष थारूहरू कमैया बस्न छोडेको पनि त्यति नै वर्ष भयो । उनीहरूलाई कमैया बस्नबाट मुक्त कुनै सरकार वा संस्थाले गरेको होइन । त्यहाँका थारू महिलाहरू कमैया बस्न छाड्दाखेरि कमैया मुक्तिको कुरा पनि उठेको थिएन । जब उनीहरूले तरकारी खेती शुरु गरे, तब उनीहरू कमैया बस्न छाडे । उनीहरूलाई तरकारी खेतीले नै कमैया बस्नबाट मुक्ति दिलाइदिएको छ । यो कुरा सुन्दा धेरैलाई पत्यार नलाग्न सक्छ, तर यो कुरा रामपुर( ६ सुर्केडाँगीमा गएर हेर्‍यो भने छर्लङ्ग हुन्छ ।

आजभन्दा १४ वर्ष पहिले केयर नेपालले दाङका विभिन्न गाउँ विकास समितिहरूमा विभिन्न कार्यक्रम शुरु गरेको थियो । त्यसमा रामपुर गाउँ विकास समिति पनि एक थियो । केयर नेपालको सानो प्रयास नै त्यहाँका थारू समुदायको लागि कमैया मुक्ति मार्ग बन्यो । शुरुमा केयर नेपालले नै तरकारी खेती गर्न सिकाएको हो । सोही गाउँका ६४ वर्षीय कृषक टीकाराम पोखरेल भन्छन्( "तरकारी खेती गर्नुभन्दा पहिले प्रायः थरुनीहरू अरूको घरमा कमैया बस्थे । हामीहरूको घरबाट काम गरेवापत तरकारी लैजान्थे । अहिले उनीहरूको घरबाट हामी तरकारी किनेर खान्छौं ।"

४५ वर्षीया देवीसरा चौधरी सुर्केडाँगीको अगुवा महिला कृषक हुन् । विवाह गरेको केही वर्षपछि लोग्नेले अर्की स्वास्नी ल्याएर देवीसरालाई छोडिदियो । उनीसँग ३/४ कट्ठाभन्दा बढी जग्गा थिएन । त्यसबाट उनलाई २/३ महिनाभन्दा बढी खाना पुग्दैनथ्यो । उनले साह्रै दुःख पाइन् पनि । छोराछोरी सानै थिए । कमैया बसेर दुःखका साथ छोराछोरी पालेकी थिइन् । जब तरकारी खेती गर्नतिर लागिन्, उनको नयाँ दिन शुरु भयो । देवीसरा अगाडि भन्छिन्( तरकारी खेती नै मेरो बाँच्ने सहारा भएको छ । छोराछोरी पाल्ने मेसो नै तरकारी खेतीले दिएको छ । लोग्नेले छोडेर गए पनि तरकारी खेतीले साथ दिइरहेको छ । तरकारी खेतीमा नलागेको भए सायद आजसम्म म बाँच्न सक्थें कि सक्दैनथें । ३/४ कट्ठामा लगाएको तरकारी खेतीले सबै परिवारलाई लत्ता, कपडा, नून, तेल र अरू खर्च सजिलै जुटेको छ । ऋण माग्न हात जोड्नुपरेको छैन, कमैया बस्नुपरेको छैन ।

सुर्केडाँगीकी अर्की सक्रिय कृषक हुन् न्युरानी चौधरी । तरकारी खेती गर्न थालेदेखि न्युरानीको जिन्दगी फेरिँदै गएको छ । जे गर्दा पनि सहाराको रूपमा उनी तरकारी खेतीलाई ने लिन्छिन् । गाउँका सबभन्दा धेरै जग्गामा तरकारी खेती गर्ने उनका लोग्ने भोजराज चौधरी श्रीमती (न्युरानी) बिना खेती गर्न संभव नहुने कुरा बताउँछन् । भोजराज भन्छन्( "तरकारी खेतीमा मेरो जति भूमिका छ, न्युरानीको पनि त्यत्तिकै भूमिका छ । यो खेती नगरेको भए सायद उनी कमैया बस्नुपर्ने बाध्यता हुन्थ्यो । दुई(चार पैसा कमाउन अर्काको काम गर्न जानुपर्थ्यो । यसले हामीलाई मुक्ति दिलाइदिएकी छ ।" तरकारी खेतीबारे न्युरानी भन्छिन्( "यसले हाम्रो जिन्दगीमा नयाँ दिन ल्याइदिएको छ ।"

सोही गाउँकी लबरी चौधरी पनि तरकारी खेतीलाई मुक्तिदाता ठान्छिन् । "शुरुमा नपत्याइनपत्याई खेती शुरु गरिएको थियो । यसले के पो होला र भन्ने लागेको थियो । यसले हाम्रो जिन्दगी नै फेरिदिएको छ । पहिले मल, नून, तेल, लत्ताकपडाका लागि साहू खोज्नु जानुपर्थ्यो । अहिले तरकारी खेतीबाटै त्यो खर्च आउँछ । यो खेतीलाई हामी छोड्दैनौं बरु बढाउँछौं", लबरी बताउँछिन् ।

शुरुमा त्यहाँका चौधरी समुदायलाई केयर नेपालले सामान्य तालिम दिएर तरकारी खेतीतिर मन तानिदियो । मुस्किलले दुई(चार सय रुपैयाँ आम्दानी गर्नेहरूले सजिलै दुई(चार हजार आम्दानी गर्न थाले । दुई(चार हजार गर्नेले आठ(दश हजार आम्दानी गर्नथाले । "केयर नेपालले बाटो देखाइदियो, हामीले जाँगर गर्‍यौं । मिहिनेतको फल पाइयो", उनीहरू खुशीसाथ भन्छन् । सुर्केडाँगीका तरकारी कृषकहरूसँग केही समस्या पनि छन् । कतैबाट सहयोग मिलेको छैन । जति गरिरहेका छौं अनुभवबाट सिकेर गर्दैछौं । सरकारी जेटीएअरू हाम्रो बारीमा खुट्टा टेक्दैनन् । मल, बीउ, बजार र सिंचाइको समस्या पनि त्यस्तै छ( उनीहरू सामूहिक रूपमा आफ्ना कुरा राख्छन् ।

रामपुर गाउँ विकास समितिका अध्यक्ष नरुलाल चौधरी सुर्केडाँगीलाई व्यावसायिक रूपमा तरकारी खेतीतिर लगाउने सोच रहेको बताउनुहुन्छ । उहाँको भनाइ छ( "पहिले तरकारी किनेर खानेहरू हाल तरकारी खेतीबाट हजारौंका मालिक भएका छन् । यो उनीहरूको मिहिनेतको फल हो ।" केयर नेपाल दाङका प्रोजेक्ट म्यानेजर बाबुलाल प्रधान यसबारेमा खुशी व्यक्त गर्दै भन्नुहुन्छ( "हाम्रो सानो प्रयासले त्यहाँका महिलाहरूको मुहार फेरिएला भन्ने सोचका थिएनौं । अहिले यो प्रगति देख्दा हाम्रो प्रयास सफल भएको छ ।"

सुर्केडाँगीमा झण्डै ६५ थारू परिवार छन् । तीमध्ये ६० घरपरिवार तरकारी खेतीमा लागेका छन् । पहिले थारू भनेर हेप्नेहरू हाल थारू परिवारको मिहिनेत देखेर छक्क पर्न थालेका छन् । तरकारी खेतीले उनीहरूको आम्दानी मात्र होइन, इज्जत र सम्मान पनि

बढाइदिएको छ । परिवारका सबै मिहिनेतसाथ खेतीमा जुट्छन् । त्यहाँको सिको गरेर आजभोलि अरू ठाउँमा पनि तरकारी खेती गर्न थालिएको छ । सुर्केडाँगीका थारू महिलाहरूजस्तै मिहिनेत गरेर कुनै न कुनै व्यवसाय समात्ने हो भने मिहिनेतको मीठो फल चाख्न पाइन्छ ।

ढुंगा कुटेर जीवन धान्नेहरू
भुपेन्द्र श्रेष्ठ 'असफल'

बिहान ५ बजेदेखि उठेर बेलुकी ६ बजेसम्म निरन्तर टङ्गटङ्ग आवाज, एक हातमा हथौडा अर्को हातमा ढुंगा लिएर ढुंगालाई टुक्राटुक्रा पारी दैनिक १३ घण्टा खट्दा पनि दैनिक ५० रुपैयाँमा जीवन धान्ने गर्छन् सिट्टी कुट्ने पहाडी क्षेत्रका मानिसहरू ।

पहाडी क्षेत्रमा यसरी ढुंगा कुटेर जीवन निर्वाह गर्ने मानिसहरूको स्पष्ट तथ्यांक नभए पनि खोटाङ जिल्लाभरि मात्रै ५०/६० जना रहेको अनुमान गरिन्छ । यिनीहरू एक ठाउँमा काम सकिएपछि अर्को ठाउँमा कामको खोजी गर्दै जान्छन् । काम नपाउँदा भोकभोकै सुत्न पनि बाध्य हुन्छन् । पहाडी क्षेत्र ओखलढुंगा, भोजपुर, उदयपुरमा समेत फैलिएर रहेको यो पेशाका मानिसहरूमा अधिकांश महिलाहरू संलग्न रहेको पाइन्छ ।

ढुंगा फुटाउँदाफुटाउँदा ढुंगासँगै आफ्नो भाग्य फुटेर होला यस्तो दुःख गरेर पनि आधापेट खाएर जीवन धान्नुपरेको( आफ्नो दुःख पोख्दै सुनिता भन्छिन् । विगत ६ वर्षदेखि गिट्टी कुट्दै आएकी सुनिता राईले गिट्टी कुट्नुपर्छ भन्ने कल्पना पनि गरेकी थिइनन् । उनले कसरी गिट्टी कुट्ने कामको थालनी गरिन् भन्ने कुराको लामो कहानी छ ।

आजभन्दा ७ वर्ष पहिले कास्की जिल्लाबाट विवाह भई उनी खोटाङमा आइन् । विवाह भएको १ वर्ष नबित्दै सासू र देवरको विषालु च्याउ खाएर मृत्यु भयो । संयोगवश सुनिता र उनको श्रीमान् गाउँकै विवाहमा गएकोले बचे । सासू र देवरको काजक्रिया सकेको भोलिपल्ट गाउँलेहरूले सुनितालाई सासू टोकुवा भनेर आरोप लगाउन थाले । अन्धविश्वासी समाजसँग एक्लिएर सुनिताले गर्न सक्थिन् र चुपचाप सहन बाध्य भइन् । वर्ष दिनपछि घरमा दुःख हुनाले कामको खोजीमा सुनिताको श्रीमान् कोइलाखाद गए । कोइलाखादमै केही महिनापछि सुनिताको श्रीमान्को मृत्यु भयो । गर्भवती सुनिताले श्रीमान्को काजक्रिया गर्नलाई साहूबाट ऋण लिएपछि ऋण तिर्न नसकेपछि आफ्नो कर्मघर र थोरै भएको खेतबारी पनि साहूलाई दिएर गाउँलेहरूको बनी गर्दै २/३ वर्ष बिताइन् । छोरो ३ वर्षको भएपछि कामको खोजीमा खोटाङको सदरमुकाम दिक्तेलमा आइन् र अफिसको गिट्टी कुट्ने काम शुरु गरिन् । कामको सिलसिलामा जताततै पुगिन् जेनतेन छोरा र आफूको सास अल्झाएर राखिन् । दुःखैदुःखको सागरमा डुबेकी सुनिता भन्छिन्( "म मर्न भनेर कति खोजें तर छोराको मायाले मर्न दिएन ।"

सुनिता केही खुशी हुँदै भन्छिन्( "छोरा ९ वर्षको भयो, मलाई धेरै काम गर्न सघाउँछ, मेरो पनि अझ बल र उमेर छ । ४/५ वर्ष अझ काम गरेर बाँचेपछि त छोराले ठूलो भएर पालिहाल्छ नि ।"

अधिकांश समय काममा नै बित्ने हुँदा बाहिर समाज, रमाइलो र चाँडपर्वको बारेमा उनीहरूलाई सोच्नेसमेत फुर्सद हुँदैन । उनीहरू यति मात्र सोच्दछन्( अझ बढी गिट्टी कुटेर पैसा आर्जन गर्ने र बिरामी भएर काम गर्न नसक्दा खाना खर्च जुटाउने । तर जति नै प्रयास गरे पनि रु. ४० देखि ६० रुपैयाँभन्दा बढीको काम गर्न नै सक्दैनन् जुन कमाइबाट उनीहरूलाई दैनिक आधापेट खान मात्र ठिक्क हुन्छ ।

आफ्नै कथाव्यथा बोकेर यो पेशामा लागेकी ओखलढुंढा दियाले निवासी ३५ वर्षीया महिलाको आफ्नै कथा छ । सोलुखुब्बु जिल्लाबाट विवाह गररे ओखलढुंगा आएकी रीता दर्जी भन्छिन्( श्रीमान्ले जहिले पनि रक्सी खाएर आई कुट्नुहुन्थ्यो, घरमा खान पनि पुग्दैनथ्यो, माइतमा पनि धेरै दुःख थियो । एक दिन श्रीमान्ले खुकुरीले दिउँसै काटेपछि त्यसैरात रगतपिच्छे हुँदै भागेर तराई पुगी गिट्टी कुट्ने कामको शुरुवात गरे( उनी आँसु झार्दै भन्छिन्( जसरी पनि एक्लो जीउ बाँची नै रहेको छु । अब त श्रीमान् लिन आयो भने पनि यहाँबाट भागेर अन्तै जान्छु( रीताको गुनासो छ । आफ्नो भएकी एउटी छोरी झाडापखालाले गर्दा मरी अब जीवनको सहारा भन्ने नै केही छैन ।

निश्चल, सरल र सोझा यी नारीहरूलाई आफ्ना हकअधिकारको बारेमा केही थाहा छैन । धेरैको हातमा फोका उठेर फुटेर बसेकोले हात फलाम झैं कडा र खस्रो हुन पुगेको छ । शहरमा खुलेका संस्थाहरूले यो ठाउँमा कहिले दृष्टि पुऱ्याउलान् ? वा त्यस ठाउँको महिलाहरूलाई दृष्टि दिदै नदिने हुन् ? कसैलाई थाहा छैन ।

आधा समय खेतीको काम गर्ने र आधा समय गिट्टी कुटेर जीवन बिताउने भोजपुर छिनामखुका रत्न राई भने आफूलाई नागरिकताको समस्या रहेको बताउँछन् । उनी भन्छन्( के गर्नु ? नागरिकता लिनलाई पनि पैसा नखुवाई नहुने रहेछ । ढुंगा कुटेको पैसाले नागरिकता निकाल्नु कि जीवन धान्नु ?

सबैभन्दा बढी गिट्टी कुट्न आवश्यक पर्ने अफिस माथिल्लो सगरमाथा आयोजनाका सुपरभाइजर कृष्ण श्रेष्ठ भन्नुहुन्छ( "उनीहरूको वर्तमान ज्यालाबाट जीवन गुजारा गर्न धेरै गाह्रो भएको छ। तर के गर्नु काम छोडेर जाँदा पनि उनीहरूको विकल्प छैन।

खोटाङ जिल्लाका समाजसेवी तथा रेडक्रसका जिल्ला अध्यक्ष ओम श्रेष्ठ भन्नुहुन्छ( "मजदुरको श्रम शोषण होइन श्रमको उचित मूल्य दिनुपर्छ, उनीहरूको अन्योल भविष्यको अन्त्य गर्दै सम्बन्धित क्षेत्रले शहरमा मात्र होइन गाउँमा पनि पाइला चाल्नुपर्ने र उनीहरूको जीवनस्तर उकास्नुपर्ने सुझाव उहाँको छ।

नछुने हुनु पाप होइन
नरहरि आचार्य

रौतहट जिल्लाअन्तर्गत पर्ने सन्तपुर गाउँ विकास समिति वडा नं. ५ मा एक मध्यमवर्गीय परिवारमा जन्मिएकी सीता दाहाललाई १४ वर्षको कलिलो उमेरमा नै पहिलोपटक रजश्वला (महिनावारी) भयो।

हाम्रोजस्तो कु(संस्कार र कुप्रथाले जकडिएको समाजमा पहिलोपटक रजश्वला भएका महिलाहरूलाई "छुन त के हेर्नसमेत नहुने" भन्ने धारणा अझै विद्यमान छ। त्यसैले उनलाई बाइस दिनसम्म छिमेकीको घरको गोठमा घामको मुखसमेत देख्न नपाउने गरी लुकाएर राखियो। गोठ भन्नेबित्तिकै हामी सबैको मस्तिष्कले त्यहाँ प्रकाश छिर्दैन, फोहोर, दुर्गन्ध, झिंगा लामखुट्टे, गाईभैंसी हुन्छ भन्ने स्मरण गर्दछ।

उनी यसै अवधिमा गोठमै अज्ञात रोगबाट ग्रसित भई बिरारी भइन्। छुवाछुत भएर देवी(देवता रिसाएको भनी गोठमै धामीझाँक्री बोलाएर झारफुक गरियो तर बिसेक हुन सकेन। अवधि पूरा भइसकेपछि उनलाई उपचारार्थ नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा लैजाँदा संलग्न डाक्टरले 'एपेन्डिक्स' भएको जानकारी दिए।

लामो समयसम्मको उपचार र आरामपछि बल्ल उनको स्वास्थ्यस्थितिमा सुधार भयो।

सीता दाहालजस्ता कैयौं महिलाहरूले पहिलो रजश्वला हुँदाका अवस्थामा हिन्दू समाजको परम्परा कायम राख्ने बाहनामा विभिन्न किसिमका संकटहरूको सामना गरिरहनुपरेको छ। धेरै दिनसम्म फोहोर र दुर्गन्धित गोठ र खोरहरूमा बस्नुपर्दा त्यसबेला महिलाले कठोर शारीरिक तथा मानसिक यातना सहनुपर्ने हुन्छ।

हाम्रो समाजको परम्परावादी संस्कारले गर्दा त्यस्ता महिलाले बाबुआमा, दाजुभाइ र अन्य मानिसलाई हेर्न नहुने, मठमन्दिर जान नहुने र दूध(दही खानबाट समेत प्रतिबन्ध लगाइने गरेको पाइन्छ। समाजबाट बहिस्कृत र घरमा अनिष्ट हुने डरले गर्दा शिक्षित परिवारले पनि रजश्वला भएका महिलाहरूलाई यस्तै कार्य गर्न बाध्य तुल्याउने गर्दछन्। अझ नेपालको सुदूरपश्चिमाञ्चलका पहाडी जिल्लाहरूमा त 'नछुनी' भएमा युवतीहरूलाई 'छाउपडी गोठ' मा लुकाएर राख्ने गरिन्छ।

'छाउपडी गोठ' अत्यन्त साँघुरो, प्रकाश नछिर्ने र सुत्दा दायाँबाया फर्किन चल्नसमेत नसकिने खालको हुने कुरा डोटी जिल्लामा कार्यरत पत्रकार राजकुमार खड्का बताउँछन्। उनका अनुसार प्रसूति हुँदासमेत महिलालाई सफा सुग्घर घरमा बसाउनुपर्ने र पौष्टिकयुक्त खाद्यपदार्थ दिनुपर्नेमा त्यो नदिई सात दिनसम्म लगातार अँध्यारो कोठामा लुकाएर राखिन्छ। नछुनी भएमा महिलाहरूले प्रयोग गर्ने भाँडाकुँडा तथा लत्ताकपडा अरूले छुन र लाउन नहुने कथन विद्यमान छ।

यस्तो यातनादायी सामाजिक मान्यताविरुद्ध संघर्षमा उत्रने वर्ग र संस्था नै बहिस्कृत र तिरस्कृत हुने डर अझै छ। जिल्ला जनस्वास्थ्य कार्यालय रौतहटमा प्रमुख डा. विनय मानन्धर यौवन अवस्थामा पुगेपछि रजश्वला हुनु प्राकृतिक र जैविक प्रक्रिया भए तापनि सामाजिक संस्कारले गर्दा यो हट्न सकेको छैन भन्नुहुन्छ। उहाँ एक स्वास्थ्य सर्वेक्षणबाट महिनावारी र सुत्केरी भएका महिलाहरूको सबै किसिमको शारीरिक सुरक्षा त्यस समयमा हुन नसकेमा दीर्घरोगी र मानसिक रोगी हुने तथ्य प्रमाणित भएको छ भन्नुहुन्छ। नमूना गाउँ विकास समिति चन्द्रनिगाहपुर वडा नं. ५ की वडाअध्यक्ष यमुना काफ्ले रजश्वला भएको दुई दिनदेखि लगातार नुहाउनुपर्ने चलन हाम्रो समाजमा रहेको उल्लेख गर्नुहुन्छ। उहाँ त्यस समयमा घरकै सदस्यहरूले चिसो भइसकेको खाना थोत्रो फोहोर थाल र पातमा दिने र लुगा पनि फोहोर मैले र फाटेको दिने गरेको पनि बताउनुहुन्छ।

परम्परागत रीतिरिवाजहरूलाई आँखा चिम्लेर एक्काइसौं शताब्दीमा हिंडिरहेको अहिलेको नेपाली समाजले स्वीकार गर्दै जाने हो भने यस्तै कुप्रथाले हामीलाई पुनः आदिमकालमै पुऱ्याउने कुरामा प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेल पनि सहमत हुनुहुन्छ। उहाँ सामाजिक व्यवहार सुधार ऐन, २०३३ लागू भएको धेरै समय बितिसकेको भए पनि कुप्रथाको अन्त्य गर्न नसकिएको बताउनुहुन्छ। उता गैरसरकारी संस्था प्लान इन्टरनेशनल नेपालमा रही महिलाहरूको स्वास्थ्य र सरसफाइसम्बन्धी अनुसन्धान गर्दै आउनुभएका डा. ऋषिराज अधिकारी पहिलोपटक रजश्वला हुँदा पोषणयुक्त खाना र सहयोगको अत्यन्त आवश्यकता पर्दछ तर त्यसप्रति ग्रामीण समाजमा अभिभावकहरूले कति पनि ध्यान नदिएको बताउनुहुन्छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४ अन्तर्गत व्यवस्था गरिएको राज्यका निर्देशक सिद्धान्तमा पर्ने धारा २६ को उपधारा ७ ले महिला वर्गको शिक्षा, स्वास्थ्य र सरसफाइको विशेष व्यवस्था गराउने नीति राज्यले अवलम्बन गर्नेछ र यसको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भनी स्पष्ट व्याख्या गरेको छ । यो नीति कागजमै मात्र सीमित छ, माथिको जस्तै कुप्रथा र कुसंस्कार हटेको छैन, बरु बढेकोबढेकै छ । प्रजिअ पोखरेल सामाजिक विसंगतिको रूपमा रहेको यस्तो कुप्रथालाई हटाउन स्पष्ट ऐन(कानुनको आवश्यकता पर्दछ र यसलाई प्रत्यक्ष व्यवहारमा उतार्न ठोस एवं प्रभावकारी कदम चाल्ने निकाय किटान गरिनुपर्छ भन्नुहुन्छ ।

तसर्थ सरकारी, गैरसरकारी तथा स्थानीयस्तरको संयुक्त प्रयासले ग्रामीण समाजमा विभिन्न कार्यक्रमबाट चेतना जागृत गराउनुपर्ने आवश्यकताको टड्कारो महसुस गरिएको छ ।